# सहकारी क्षेत्रको कर: व्यवस्था, व्यवहारिक पद्दती र तरीका

बिशेष बिभु आचार्य
चार्टड एकाउन्टेन्ट

# कर : परिचय

- कुनै पनि आय, बस्तु वा गतिविधिमा सरकारद्वारा लिने शुल्क नै कर हो ।
- सरकारी निकायले आफ्नो विनियामावली बमोजिम शुल्क कर हैन । उदाहरण: ट्रेकिङ अनुमति शुल्क, प्राकृतिक स्रोत रोयल्टी ।
- 

- **प्रत्यक्ष कर** : जुन व्यक्ति माथि कर लाग्छ, त्यहि व्यक्तिबाट उठाउने कर नै प्रत्यक्ष कर हो । उदाहरण: आय कर, सम्पति कर ।
- **अप्रत्यक्ष कर** : जुन व्यक्ति माथि कर लाग्छ, त्यहि व्यक्ति भन्दा भिन्न व्यक्तिबाट उठाउने कर नै अप्रत्यक्ष कर हो । उदाहरण: मूल्य अभिवृद्धि कर, अन्त शुल्क, भन्सार कर ।

# आयकर सम्बन्धी कानून तथा नीतिहरु

आयकर सम्बन्धी कानून तथा नीतिको व्याख्या गर्दा निम्न बमोजिमका दस्तावेजहरुलाई आधार मानिन्छ।

(१) आयकर ऐन २०५८

(२) आर्थिक ऐन

(३) आयकर नियमावली २०५९

(४) परिपत्र तथा सूचना

(५) नजिर

(६) आयकर निर्देशिका

➢ Global Taxation Concept in Income Tax

# करयोग्य आयका श्रोतहरु

- कुनै व्यक्तिको कुनै आय वर्षमा निम्न शिर्षकमा हुने आम्दानीलाई करयोग्य आय मानिन्छ ।

  (क) रोजगारीबाट भएको आय

  (ख) व्यवसायबाट भएको आय

  (ग) लगानीबाट भएको आय

  (घ) आकस्मिक लाभ

# करदाता (व्यक्ति) का प्रकारहरु

**प्राकृतिक व्यक्ति**

(१) एकल व्यक्ति

(२) दम्पति

(३) व्यक्तिगत फर्म (Sole Proprietorship Firm)

**निकाय**

(१) साझेदारी, ट्रस्ट वा कम्पनी

(२) गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह

(४) कुनै विदेशी सरकार वा सो सरकार अन्तर्गत प्रान्तीय वा स्थानीय सरकार वा कुनै सन्धीद्वारा स्थापना भएको सार्वजनिक अन्तरास्ट्रिय स्थायी संगठन

(५) अन्य स्थायी संगठन

# रोजगारीबाट भएको आय

# परिचय

- कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएको पारिश्रमिकलाई सो व्यक्तिको रोजगारी आयमा गणना गरिन्छ ।
- रोजगारदाता–कर्मचारी सम्बन्ध (Employer-Employee Relationship) को स्थापना भएको हुनपर्छ ।
- पूर्ण समय वा आंशिक समय दुवै रोजगारी (Full Time and Part Time Employment) समावेश हन्छ ।

# रोजगारीबाट भएको आयमा समावेश हुने रकमहरु

सहकारी संस्थाले आफ्नो कर्मचारीहरुले पाएको निम्न रकमलाई जोडेर सो कर्मचारीको रोजगारीबाट हुने आयको गणना गरिन्छ :

- तलब, ज्याला, बिदा बापतको रकम, ओभरटाईम बापतको भुक्तानी, पुरस्कार, कमिशन, बोनस, अन्य सुविधा बापतको भुक्तानी
- जुनसुकै किसिमका **भत्ता**हरु र **सुविधा**हरु
- संस्थाले कर्मचारीको व्यहोरेको व्यक्तिगत खर्चहरु
- सहुलियत ऋणमा बजार ब्याजदर र तिरेको ब्याजदरको भिन्नता
- रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अवकाश बापत गरिएका भुक्तानी
- रोजगारीका सम्बन्धमा गरिएका अन्य जुनसुकै भुक्तानी

# रोजगारीबाट भएको आयका बिशेष व्यवस्थाहरु

(१) **सवारी साधनको सुविधा** :

- **करयोग्य आय** : आधारभुत तलब तथा ग्रेडको *०.५ प्रतिशत*
- कर्मचारी बाहेक अन्यलाई उपलब्ध गराएमा : सवारी साधनको बजार मूल्यको *१ प्रतिशत*
- कर नलाग्ने सवारी साधन सुविधा : साइकल, मोटरसाइकल, सबै कर्मचारीको लागि हुने बस सुविधा
- ड्राइभर तथा इन्धन सवारी साधन सुविधा संगै दिंदा : आयमा नदेखाउने
- कर्मचारीबाट आंशिक उठाएको रकम : आयबाट नघटाउने

(२) **भवन र वासस्थान सुविधा** :

- **करयोग्य आय** : आधारभुत तलब तथा ग्रेडको *२ प्रतिशत*
- कर्मचारी बाहेक अन्यलाई उपलब्ध गराएमा : प्रचलित बजार मूल्य अनुसार घर भाडाको *२५ प्रतिशत*
- कर्मचारीबाट आंशिक उठाएको रकम : आयबाट नघटाउने

(३) **टेलिफोन सुविधा** : व्यक्तिगत तथा कार्यगत खर्च प्रयोजन छुट्टाई, व्यक्तिगत प्रयोजनमा भएको खर्च आयमा समावेश गर्नुपर्छ ।

(४) **दैनिक भत्ता** : बिल पेश नभएको रकम आयमा देखाउनु पर्दछ । तर, चलनचल्ती अनुसार खाना बस्न पुग्ने गरी दिएको भत्तालाई आयमा समावेश गरिएको छैन।

# रोजगारी आयमा समावेश नहुने रकमहरु

- नेपाल सरकार र कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय संघ संस्था वा गैर नेपाली नागरिकको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम
- विदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गरे बापत कुनै प्राकृतिक व्यक्तिले प्राप्त गरेको रकम ।

  तर, सो व्यक्ति रोजगारी गरेको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको हुनुपर्नेछ, र सो राष्ट्रको सरकारी कोषबाट त्यस्ता रकमहरू भुक्तानी गरिएको हुनु पर्नेछ ।
- विदेशी राष्ट्रको सेना वा प्रहरी सेबाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको निवृत्तिभरण बापतको रकम
- अन्तिम कर कट्टी हुने भुक्तानी :
  - कम्पनीबाट कर्मचारीको अवकाशमा हुने एकमुष्ट भुक्तानी (जस्तैः स्वेच्छिक अवकाश भुक्तानी, उपदान, संचित बिदाको भुक्तानी) तर, मासिक रुपमा निवृत्तिभरणको बापत भुक्तानी अन्तिम कर कट्टी बापतको भुक्तानी हैन तसर्थ, आयमा समावेश गर्नपर्छ ।
  - बैठक भत्ता : *तर, बैठकको पटके पिच्छे भुक्तानी नगरी* पूर्वनिर्धारित *रकम भुक्तानी गरेमा आयमा समावेश गर्नपर्छ ।*
- कार्यालयमा सबै कर्मचारीलाई समान रुपमा हुने खाना तथा खाजाको व्यवस्था
- कम्पनीको लागि गरिएको खर्चको भरपाई
- एक पटकमा पाँच सय रुपैयाँसम्म सानातिना किसिमको भुक्तानी जस्तै चिया खर्च, स्टेशनरी, बक्सिस, पुरस्कार, आपत्कालीन औषधोपचार लगायतका खर्चहरु
- कर्मचारीलाई दिएको कार्यस्थलमा मात्र प्रयोग गर्न मिल्ने किसिमको पोशाक

# करयोग्य आयको गणना

| विवरण | प्रावधान |
|---|---|
| (क) निर्धारणयोग्य आय | विभिन्न आय शीर्षक अनुसारको आम्दानी |
| **घटाउ :** | |
| (ख) स्वीकृत अवकाश कोषमा योगदान | **अधिकतम सिमा :** निर्धारणयोग्य आयको १ /३ वा रु. ३ लाख वा वास्तविक योगदान मध्ये जुन कम हुन्छ ।<br>*सामाजिक सुरक्षा कोषमा योगदान : सिमा रु. ३ लाख को सट्टा रु. ५ लाख (राजपत्र मिति २०७६/११ /१२)* |
| **(ग) समायोजित निर्धारणयोग्य आय** | (क) – (ख) |
| **घटाउ :** | |
| (घ) चन्दा उपहार | ➢ कर छुट संस्थालाई दिएमा : रु. १ लाख वा समायोजित करयोग्य आयको ५% वा वास्तविक चन्दा मध्ये जुन कम हुन्छ<br>➢ प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोष : सबै रकम |
| (ङ) जीवन बीमा | रु. २५,००० वा भुक्तानी गरेको प्रिमियममध्ये जुन घटी हुन्छ |
| (च) स्वास्थ्य बीमा | रु. २०,००० वा भुक्तानी गरेको प्रिमियममध्ये जुन घटी हुन्छ |

# करयोग्य आयको गणना

| विवरण | प्रावधान |
|---|---|
| (छ) दुर्गम भत्ता | क वर्ग : रु. ५०,०००<br>ख वर्ग : रु. ४०,०००<br>ग वर्ग : रु. ३०,०००<br>घ वर्ग : रु. २०,०००<br>ङ वर्ग : रु. १०,००० |
| (ज) वैदेशिक भत्ता | नेपालको विदेश स्थित कुटनीतिक नियोगमा काम गर्ने कर्मचारीले वैदेशिक भत्ताको ७५% घटाउने |
| (झ) निवृत्तिभरण रकममा छुट | पहिलो करयोग्य आय सिमाको २५% वा प्राप्त निवृत्तिभरण रकममध्ये जुन कम हुन्छ |
| (ञ) अपाङ्गता भएकोलाई छुट | पहिलो करयोग्य आय सिमाको ५०% |
| **करयोग्य आय** | **(ग – घ – ङ – च – छ – ज – झ – ञ)** |

**करको गणना**

# करको गणना

➢ **करको दर (कर्मचारीको लागि)**

| दर | एकल व्यक्ति | दम्पति |
|---|---|---|
| १% | पहिलो रु. ४००,००० | पहिलो रु. ४५०,००० |
| १०% | अर्को रु. १००,००० | अर्को रु. १००,००० |
| २०% | अर्को रु. २००,००० | अर्को रु. २००,००० |
| ३०% | अर्को रु. १३,००,००० | अर्को रु. १२,५०,००० |
| ३६% | बाँकी करयोग्य आय | बाँकी करयोग्य आय |

➢ पेन्सन आय : १% कर नलाग्ने

➢ सामाजिक सुरक्षा करमा योगदान गर्ने करदाता : १% कर नलाग्ने

➢ **कर दायित्वबाट घटाउने :**

- एकल व्यक्ति रोजेमा महिला करदाताले आफ्नो आय करमा १०% घटाउन पाउछ ।
- औषधी उपचार खर्च वापत कर मिलान : स्वीकृत औषधी उपचार खर्चको १५% वा रु. ७५० जुन कम हुन्छ । सीमा भन्दा बढी भएको खर्च वा कर दायित्व रु. ७५० भन्दा कम भएको अबस्थामा यस्तो रकम आगामी बर्षमा सारी दावी गर्न सकिनेछ ।

# व्यवसायबाट भएको आय

## परिचय

- कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभहरु सो व्यक्तिको व्यवसायबाट भएको आयको गणना गरिन्छ ।

## व्यवसायबाट भएको आयमा समावेश हुने रकमहरु

सहकारी संस्थाले आफ्नो व्यवसायबाट भएको आयको गणना गर्दा सो वर्षभित्र प्राप्त गरेको देहायका रकमहरु समावेश गर्नु पर्नेछ ।

- सेवा शुल्क
- व्यापारिक मौज्दातको निःसर्गबाट प्राप्त रकम
- व्यावसायिक सम्पत्ति वा व्यावसायिक दायित्वको निःसर्गबाट प्राप्त खुद लाभ
- व्यवसायको ह्रासयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त गरेको मानिने रकम
- व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार
- व्यवसाय सञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त गरेको रकम
- अन्य व्यवसायसँग सम्बन्धित भई प्राप्त गरेको रकम

# व्यवसायबाट भएको आयबाट कट्टी हुने रकमहरु

- सहकारी संस्थाले सो आय वर्षमा व्यवसायबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु आम्दानीबाट कट्टी गर्न पाउँछ ।
- **ब्याज खर्च** : व्यवसाय संचालनका लागि लिएको ऋण बापत तिरेको ब्याज खर्च दाबी गर्न पाइन्छ ।

  साथै, यदि ऋण लिएर कुनै पनि सम्पति खरिद गरी सोहि वर्ष प्रयोग गरेमा सो ऋणको सम्पूर्ण ब्याज रकम खर्चको रुपमा सोहि वर्ष दाबी गर्न पाइन्छ । *(नेपाल लेखामान सिद्धान्त संग मेल नखाने)*
- **व्यापार मौज्दातको लागतको खर्च कट्टी** :
  - व्यापार मौज्दातको शुरु मूल्य + सो वर्षको लागत - व्यापार मौज्दातको अन्तिम मूल्य
  - अन्तिम व्यापार मौज्दातको मूल्यांकन : बजार मूल्य वा लागत रकममध्ये जुन घटी हुन्छ ।
- **मर्मत तथा सुधार खर्च** :

**खर्च कट्टी गर्ने सिमा**

- **ह्रासयोग्य सम्पत्ति** : आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको ***सात प्रतिशत***
- **अन्य सम्पति वा लिजमा लिएको सम्पति** : सबै खर्च दाबी गर्न पाइने।

## ह्रासकट्टी खर्च :

| वर्ग | सम्पत्तिको विवरण | ह्रासकट्टी दर अन्य संस्थालाई | ह्रासकट्टी दर सहकारी संस्थालाई |
|---|---|---|---|
| क | भवन, स्ट्रक्चर र स्थायी प्रकृतिका यस्तै प्रकारका अन्य बनौटहरु | ५ प्रतिशत | ६.६७ प्रतिशत |
| ख | कम्प्यूटर, तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु | २५ प्रतिशत | ३३.३३ प्रतिशत |
| ग | अटोमोबाइल्स, बस तथा मिनीबसहरु | २० प्रतिशत | २६.६७ प्रतिशत |
| घ | निर्माण तथा उत्खनन् सम्बन्धी उपकरणहरु, अन्य ह्रासयोग्य सम्पत्तिहरु | १५ प्रतिशत | २० प्रतिशत |
| ङ | अदृश्य सम्पत्तिहरु | सम्पत्तिको प्रयोगावधिलाई निकटतम आधा वर्षमा मिलान गरी | |

- वर्ग "क", "ख", "ग" वा "घ" का ह्रासयोग्य सम्पत्ति : सोही वर्गका अन्य सम्पत्तिहरु ***उही समूहमा*** राख्नु पर्छ।
  वर्ग "ङ" का ह्रासयोग्य सम्पत्ति : उही वर्गको सम्पत्तिहरु भए तापनि ***बेग्लाबेग्लै समूहमा*** राख्नु पर्छ।

**ह्रासयोग्य सम्पत्तिको आधार** = अघिल्लो वर्षको अन्त्यको सो समूहको ह्रास कट्टीआधार रकम + *ह्रास कट्टी आधार रकममा यस वर्ष थपिएको रकम* - सम्पतिको निसर्ग बाट प्राप्त रकम

↓

**ह्रास कट्टी निकाल्ने**

## कट्टी गर्न नपाउने खर्च

- घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च
- कर र कुनै कानून उल्लङ्घन गरे बापत बुझाइएको जरिबाना र यस्तै अन्य शुल्क । तर प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चको रुपमा कट्टी गर्न पाइनेछ ।
- कर छुट वा अन्तिम रुपमा कर कट्टी हुने आम्दानी प्राप्त गर्न गरिएका खर्चहरु
- ***स्थायी लेखा नम्बर नभएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च***
- ***स्थायी लेखा नम्बर उल्लेख नभएको एक हजार रुपैयाँभन्दा बढी मूल्यको बीजक वापतको खर्च***
- मुनाफाको वितरण
- कुनै आय वर्षमा ***बीस लाख रुपैयाभन्दा*** बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले देहायका अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा ***पचास हजार रुपैया भन्दा*** बढीको नगद भुक्तानी गरेमा । *(केहि छुट भएको)*
- पूँजीगत प्रकृतिको खर्च

## कर लेखाङ्कन गर्ने तरिका

- सहकारी संस्थाले कर प्रयोजनको लागि एक्रुयल आधारमा लेखाङ्कन गर्नुपर्छ ।
- तर, व्याज आयको लेखाङ्कन नगद आधारमा गर्नुपर्छ ।

## जोखिम व्योहर्ने कोष / ऋण नोक्सानी कोष

सहकारी संस्थाले कुल ऋणको ***पाँच प्रतिशत*** हुने रकमसम्म जोखिम व्योहर्ने कोषमा खर्च लेख्न पाईन्छ। धितो सकारेको ऋणलाई जोखिम बापत व्यवस्था गर्न पाईदैन।

**उदाहरण : गत वर्ष** कुल ऋण रु. १०००० तथा जोखिम व्योहर्ने कोषमा रु. ३०० रहेछ।

**यस वर्ष** कुल ऋण रु. १२००० तथा जोखिम व्योहर्ने कोषमा रु. ७०० रहेछ।

तर, जोखिम व्योहर्ने कोषमा ५% का दरले लेख्न पाउने रकम रु. ६०० हुन आउछ।

**तसर्थ, यस वर्षको खर्च = रु. ६००-३०० = रु. ३००**

## ऋण अपलेखन

मानौ, एउटा व्यक्तिले रु. २०००  ऋण लिएर लामो समयदेखि तिरेको रहेनछ। गत आ.व.मा सो बापत शतप्रतिशत जोखिम व्यवस्था गरिएको रहेछ। यस आ.व. मा सो ऋण अपलेखन गर्ने निर्णय साधारण सभाले  गरेछ। यस्तो अवस्थामा करमा के गने ?

- पहिलो समाधान स सो ऋणलाई वित्तीय विवरणमा अपलेखन गरेपनि आयकरमा अपलेखन नगरी सो ऋण बापतको रकमलाई जोखिम व्यहोर्ने कोषमा राखिरहन सक्दछन्।
- दोश्रो समाधानस सो ऋणलाई वित्तीय विवरणका साथसाथै करमा पनि अपलेखन गर्ने हो भने, त्यो ऋण बापत गत वर्षसम्म गरेको जोखिम व्यहोर्ने कोषलाई यस वर्ष  आम्दानीमा देखाउनु पर्दछ। यो उदाहरणमा रु. २००० लाई करमा आम्दानी देखाउनु पर्दछ।

## कर्मचारी बोनस खर्च

- बोनस ऐन २०३० अनुसार बोनसको हिसाबकिताब राखेको खण्डमा, कर लाग्नु अगाडीको नाफाको १० प्रतिशत सोहि वर्ष खर्च लेख्न पाईन्छ ।
- बोनस ऐन अनुरुपको समय सिमामा कर्मचारीलाई बोनस नबाढेमा सो रकम अर्को वर्षको आम्दानीमा देखाउनु पर्दछ ।
- बोनस ऐन अनुसार बाड्न नमिल्ने रकम कम्पनीको कल्याणकारी कोषमा जम्मा भएको हुन्छ र त्यस्तो रकम अर्को वर्षको आम्दानी जनाउनु पर्दछ। त्यस्तै गरी, सो कम्पनीको कल्याणकारी कोषमा जम्मा भएको रकम जुन वर्ष खर्च हुन्छ सोहि वर्ष करमा खर्चमा देखाउन पाइन्छ ।

# सहकारी संस्थाको व्यवसायबाट भएको करयोग्य आयको गणना

| विवरण | प्रावधान |
|---|---|
| (क) निर्धारणयोग्य आय | विभिन्न आय शीर्षक अनुसारको आम्दानी ***घटाउ*** खर्च |
| ***घटाउ :*** | |
| (ख) चन्दा उपहार | ➢ कर छुट संस्थालाई दिएमा : रु. १ लाख वा समायोजित करयोग्य आयको ५% वा वास्तविक चन्दा मध्ये जुन कम हुन्छ<br>➢ प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोष : सबै रकम |
| (ग) सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च | ➢ विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्च<br>➢ **अधिकतम सिमा :** दश लाख रूपैया वा निर्धारण योग्य आयको दश प्रतिशतले हुने रकम वा खर्च मध्ये जुन घटी हुन्छ |
| **करयोग्य आय** | (क – ख – ग) |

करको गणना

# सहकारी संस्थाको लागि करको गणना

## सहकारी ऐन २०७४ मा कर सम्बन्धी व्यवस्था

- महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा संचालित वित्तीय सहकारीहरुलाई क्रमस : १०%, ७% र ५% कर लाग्नेछ ।
- गाउँपालिकामा संचालित वित्तीय सहकारीहरुलाई कर छुट हुन्छ ।

## आर्थिक ऐन २०७५ मा सहकारी कर सम्बन्धी संशोधन

- महानगरपालिका र उपमहानगरपालिकामा संचालित वित्तीय सहकारी : १०% (५०% छुट)
- नगरपालिकामा संचालित वित्तीय सहकारी : ५% (७५% छुट)
- गाउँपालिकामा संचालित वित्तीय सहकारीहरुलाई कर छुट हुन्छ ।

## पूर्ण कर छुट हुने अन्य सहकारीहरु

- कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कवुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी वीउ विजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोवार गर्ने सहकारी संस्था ।
- पूर्ण कर छुट हुने सहकारीहरुले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।

**अन्य सहकारीहरु** : २०%

# सहकारी संस्थाको लागि करको गणना

## बहुउद्धेशीय सहकारी संस्थामा कर

- यस्तो संस्थाहरुले आफ्नो आय विवरण भर्दा वित्तीय कारोबार र अन्य कारोबारलाई छुट्टाएर विवरण पेश गर्न पर्छ ।
- वित्तीय कारोबारमा ०%, ५% वा १०% कर लाग्छ भने अन्य कारोबारमा ०% वा २०% कर लाग्छ ।

## सहकारी ऐन र आर्थिक ऐनमा भएका केहि भिन्नता

- सहकारी ऐन २०७४ को दफा ७८(२) बमोजिम जगेडा कोष, संरजित पूंजी फिर्ता कोष र सहकारी प्रवर्दन कोषमा जम्मा गरेको रकममा आयकर नलाग्ने उल्लेख भएतापनि आयकर ऐनले छुट नदिएको हुनाले खर्चको रुपमा दाबी गर्न हुदैन ।
- सहकारी ऐन २०७४ को दफा १४१ बमोजिम कर सम्बन्धी व्यवस्था र आयकर ऐनमा भएको व्यवस्था भिन्न भएको हुनाले आयकर ऐन अनुसार कर निकाल्न पर्दछ।

# लगानीबाट भएको आय

# परिचय

"लगानी" भन्नाले देहाय बमोजिम **बाहेक** एक वा एकभन्दा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य सम्झनु पर्छ

- ❖ सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य,
- ❖ रोजगारी वा व्यवसाय ।

तर गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य लगानी मानिनेछ ।

**त्यस्तो लगानीबाट भएको आम्दानीलाई लगानीबाट भएको आयमा देखाइन्छ ।** ***उदाहरण : लगानीयोग्य सम्पति निसर्गमा हुने मुनाफा, लाभांश, व्याज***

# लगानीबाट भएको आयबाट कट्टी हुने रकमहरु

- ➢ सामान्य कट्टी
- ➢ ब्याज कट्टी
- ➢ मर्मत तथा सुधार खर्च
- ➢ ह्रासकट्टी खर्च

## लाभांश आम्दानी

- जुनसुकै संस्थाले लाभांश बापत पाएको आम्दानीलाई आय करको लागि आम्दानी मानिदैन । वित्तीय विवरणमा आम्दानी देखाए पनि, आय कर प्रयोजनको लागि आम्दानी मानिदैन र त्यस्मा कर तिर्न पर्दैन ।
- त्यस्तै, लाभांश बापतको आम्दानीबाट लाभांश बाड्दा पनि त्यसमा लाभांश कर लाग्दैन ।

# व्यवसाय वा लगानीबाट नोक्सानी

| नोक्सानीको किसिम | यस वर्ष | नोक्सानी सार्ने वर्ष |
|---|---|---|
| **व्यवसायबाट हुने नोक्सानी** | **सबै शिर्षकका नाफासँग समायोजन गर्न पाइन्छ** | **७ वर्ष** |
| व्यवसायिक सम्पतिबाट हुने नोक्सानी | ब्यवसायिक सम्पतिबाट भएका सबै नाफासँग समायोजन गर्न पाइन्छ | अनिश्चित समय |
| **लगानीबाट हुने नोक्सानी** | **लगानी र गैर व्यवसायिक सम्पतिबाट भएका नाफासँग समायोजन गर्न पाइन्छ** | **७ वर्ष** |
| गैर व्यवसायिक सम्पतिबाट हुने नोक्सानी | गैर व्यवसायिक सम्पतिबाट भएका नाफासँग समायोजन गर्न पाइन्छ | अनिश्चित समय |

# श्रोतमा करकट्टी तथा अग्रिम कर

# श्रोतमा करकट्टीका किसिमहरु

## अग्रिम करकट्टी

- भुक्तानी गर्दा करकट्टी भएता पनि सो करकट्टी अन्तिम हैन ।
- सो आय आफ्नो विवरण पेश गर्दा देखाउन पर्छ र नपुगेको कर तिर्न पर्छ वा धेरै भएको कर तिर्न पर्ने करमा समायोजन गर्न पाइन्छ ।

## अन्तिम करकट्टी

- भुक्तानी गर्दा भएको करकट्टी नै अन्तिम कर मानिन्छ र अरु कर केहि पनि लाग्दैन ।
- सो आय आफ्नो विवरण पेश गर्दा देखाउन पर्दैन ।

# श्रोतमा करकट्टीका दर (सहकारी सम्बन्धित) (दफा ८७, ८८ र ८९)

| श्रोतमा करकट्टीको किसिम | करकट्टीका दर |
|---|---|
| तलब तथा ज्याला | व्यक्तिगत आयकरको दर अनुसार |
| प्रश्नपत्र तयारी तथा उत्तरपुस्तिका जाँच | १५% |
| प्राकृतिक व्यक्तिलाई ब्याज भुक्तानी | ५% |
| बासिन्दा बैङ्क वा अरु बासिन्दा वित्तीय संस्था तथा सामूहिक लगानी कोषलाई तिरेको ब्याज | ०% |
| अन्य निकाय लाई ब्याज भुक्तानी | १५% |
| घर बहाल - प्राकृतिक व्यक्तिलाई तिरेको | ०%<br>तर, स्थानिय निकायको नियम अनुसार तिर्न पर्छ। |
| घर बहाल - निकायलाई तिरेको | १०% |
| गाडी भाडा खर्च - भ्याट बिल | १.५% |
| अन्य भाडा खर्च | १०% |
| ढुवानी शुल्क | २.५% |
| मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्ति वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा | १.५% |

# श्रोतमा करकट्टीका दर (सहकारी सम्बन्धित)

| श्रोतमा करकट्टीको किसिम | करकट्टीका दर |
|---|---|
| अन्य सेवा शुल्क | १५% |
| मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा | १.५% |
| मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा | १५% |
| लाभांश<br>*तर, पूर्ण कर छुट हुने सहकारीहरुले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।* | ५% |
| आकस्मिक लाभ | २५% |
| ➢ **ठेक्का वा करार** बापत ***पचास हजार रूपैयाँ***भन्दा बढीको रकम भुक्तानी<br>➢ विगतको दश दिनमा दिइएका अन्य कुनै भुक्तानीहरु भए सो समेत जोडी यकिन गर्नु पर्नेछ | १.५% |
| बैठक भत्ता | १५% |

*गाउँपालिकामा सञ्चालित बचत तथा ऋण सहकारी र जहाँसुकै सञ्चालित कृषि सहकारी संस्थाले कुनै व्यक्तिलाई तिरेको वार्षिक रु. २५,००० सम्मको व्याजमा ब्याजकर लाग्दैन ।*

## अवकाश भुक्तानी

**नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको**

- छुट रकम = भुक्तानी रकमको पचास प्रतिशत वा पाच लाख रुपैयामध्ये जुन बढी हुन्छ
- लाभ= भुक्तानी रकम - छुट रकम
- कर दर = लाभको ५%

**योगदानमा आधारित नभएको अन्य अवकाश भुक्तानी**

(जस्तै: पेन्सन, उपदान, संचित बिदा वापतको भुक्तानी)

- कर दर = भुक्तानी रकमको १५% ।

योगदानमा आधारित **अस्वीकृत अवकाश** कोषबाट भएको भुक्तानी : लाभको ५%

जहाँ, लाभ = भुक्तानी रकम - कर्मचारीले गरेको योगदान

# अन्तिम कर कट्टीमा पर्ने भुक्तानी (सहकारी सम्बन्धित) दफा ९२

- लाभांश
- बासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित बापत भुक्तानी गरेको लाभ
- नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानी समेत सबै प्रकारका अवकाश भुक्तानी (नियमित रूपमा भुक्तानी हुने निवृत्तिभरण बाहेक)
- बैंङ्क, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनी वा सहकारीले नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसग सम्बन्धित नभएको प्राकृतिक व्यक्ति र कर छुट पाउने संस्थालाई दिएको ब्याज भुक्तानी ।
- प्रति बैठक बीस हजार रुपैयासम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए वापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाच गरे बापतको भुक्तानी

# कर कट्टीको रकम र विवरण बुझाउने सम्बन्धमा

- श्रोतमा कर कट्टी गरिएकोको रकम नेपाली महिना सकिएको अर्को महिनाको २५ गते सम्म राजश्व खातामा दाखिला गर्नु पर्दछ ।
- श्रोतमा कर कट्टी गरिएको विवरण र सो रकम दाखिला गरेको विवरण नेपाली महिना सकिएको अर्को महिनाको २५ गते सम्म बुझाउनु पर्दछ ।

# अग्रिम कर

- कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले देहाय बमोजिम तीन किस्तामा कर दाखिला गर्नु पर्नेछ ।

| दाखिला गर्नुपर्ने मिति | दाखिला गर्नुपर्ने कर रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | अनुमानित करको चालीस प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम |
| चैत महिनाको अन्त्यसम्म | अनुमानित करको सत्तरी प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम |
| असार महिनाको अन्त्यसम्म | अनुमानित करको शत प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम |

- बुझाउनु पर्ने समग्र किस्ताको जम्मा रकम **सात हजार पाँच सय रुपैयाँ**भन्दा कम भएमा त्यस्तो किस्ताको रकम बुझाउनु पर्ने छैन ।
- अनुमानित आय विवरण पहिलो अग्रिम कर किस्ता रकमको समयमा बुझाउनु पर्दछ। साथै, आय अनुमान परिमार्जन भएमा चैत्र मसान्त र आषाढ मसान्तमा पनि बुझाउनु पर्दछ ।

# जरिवाना तथा सजायहरु

| विवरण | जरिवाना / व्याज |
|---|---|
| अनुमानित आय विवरण दाखिला नगरेमा | पांच हजार रुपैयाँ वा आय विवरणमा उल्लिखित निर्धारण योग्य आय रकमको ०.०१% हुने रकममध्ये जुन बढी हुन्छ |
| E-TDS नगरेमा | प्रत्येक महिना र महिनाको भागको लागि अग्रिम कर असुल गर्नुपर्ने रकमको वार्षिक २.५% दरले |
| आय विवरण दाखिला नगरेमा | कुनै रकम नकटाई हुने आयको रकमको ०.१% प्रति वर्षका दरले हुने रकम वा १०० रुपैयाँ प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ |
| किस्ताबन्दीमा अनुमानित कर कम बुझाएमा | (बुझाउनु पर्ने करको ९०% रकम - बुझाएको रकम ) X १५% वार्षिक दर |
| कर कम बुझाएमा | बुझाउनु पर्ने करको X १५% वार्षिक दर *(प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याजदरले ब्याज लाग्नेछ)* |
| TDS कम बुझाएमा | बुझाउनु पर्ने करको X १५% वार्षिक दर *(प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याजदरले ब्याज लाग्नेछ)* |
| भूलवश झुट्टा वा भ्रमपूर्ण विवरण बुझाएमा | कर रकमको पचास प्रतिशत |
| जानाजानी वा लापरवाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण विवरण बुझाएमा | कर रकमको एक सय प्रतिशत |

# मूल्य अभिवृद्धि करका केहि सम्बन्धित ब्यवस्थाहरु

**मूल्य अभिवृद्धि कर ऐन, २०५२**

**मूल्य अभिवृद्धि कर नियमावली,२०५३**

## दर्ता

- मु.अ.क. ऐनको अनुसूची १ मा भएका कारोबार गर्ने संस्था मु.अ.क. मा दर्ता हुन पर्दैन ।
- ***आधारभूत कृषि उत्पादन र वित्तीय  सेवा कारोबारमा पनि मु.अ.क. लाग्दैन ।***
- **अनिवार्य दर्ता :**
  - ईटा उत्पादन गरी कारोवार गरेमा, मदिरा, वाइन हेल्थ क्लब, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस्, विद्युतीय सÇटवेयर, भन्सार एजेण्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पत्रुको व्यवसाय, ट्रेकिङ, र्‍याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन
  - कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसि, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा, क्याटरिङ सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइसक्रिम उद्योग, कलरल्याब, बुटिक, सुटि• सर्टि•का सामान सहितको टेलरि• व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने ।
  - **अन्य मु.अ.क. लाग्ने कारोबारको हकमा कारोबार सिमा निम्न बमोजिम हेर्न पर्छ:**

    वस्तु कारोबार : पछिल्लो १२ महिनामा रु. ५० लाख भन्दा बढी कारोबार भएमा

    सेवा कारोबार : पछिल्लो १२ महिनामा रु. २० लाख भन्दा बढी कारोबार भएमा

    वस्तु तथा सेवा कारोबार : पछिल्लो १२ महिनामा रु. २० लाख भन्दा बढी कारोबार भएमा

# भवन निर्माण

भवन निर्माणको लागत रु. ५० लाख भन्दा बढी भएमा भ्याटमा दर्ता भएको व्यक्तिबाट गर्न पर्छ। यदि भ्याटमा दर्ता भएको व्यक्तिबाट निर्माण नगराएमा, भ्याट बिल नभएको रकममा १३% भ्याट अतिरिक्त जम्मा गर्न पर्छ।

पहिले पनि भवन निर्माणमा खर्च भईसकेको छ भने सो को खर्च समेत  ५० लाखको सिमा हेर्न पर्छ।

**उदाहरण :**

सहकारीले आफैले निर्माण गरेको भवनको जम्मा लागत : रु. ९० लाख

सिमेन्ट र रड : रु. ४० लाख (भ्याट बिल लिईएको)

श्रमिक खर्च : रु. २० लाख (भ्याट बिल नभएको)

अन्य खर्च : रु. ३० लाख (भ्याट बिल नभएको)

तसर्थ, थप भ्याट बुझाउनु पर्ने = (रु. २० लाख + ३० लाख) X १३% = रु. ६५०,००० /-

# विदेशबाट सेवा प्राप्त गर्दाको कर निर्धारण (Reverse Charge System):

- नेपाल बाहिरको सेवा प्रदायकबाट सहकारीले भ्याट लाग्ने सेवा प्राप्त गरेमा सो सेवा वापत सो सेवा प्रदायकलाई भुक्तानी गर्दा भुक्तानी गरेको मूल्यमा आफैले मूल्य अभिवृद्धि कर गणना गरी दाखिला गर्नुपर्छ।

**उदाहरण :**

सहकारीले जापानको एउटा परामर्शदाताबाट रु. १ लाखको परामर्श सेवा प्राप्त गरेको रहेछ।

यस्तो कारोबारमा भ्याट बापत छुट्टै कर कार्यालयमा बुझाउन पर्ने रकम= १,००,००० x १३% = रु. १३,०००

*(स्मरण रहोस: अग्रिम कर कट्टी भने १५% नै रहन्छ; १.५% हुदैन)*

# भन्सार करका केहि सम्बन्धित व्यवस्थाहरु

**भन्सार ऐन, २०६४**

**भन्सार नियमावली, २०६४**

- Harmonic System of Nomenclature
- 8 digits

## भन्सारमा तिर्न पर्ने करहरु

- भन्सार
- अन्तः शुल्क
- कृषि सुधार शुल्क
- मु.अ. कर
- अन्य महशुलहरु

# धन्यबाद ☺

सी.ए. बिशेष बिभु आचार्य
सम्पर्क नं.: +९७७ ९८५११४३०९०
ईमेल: cabisesh@outlook.com